# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

मितिः २०७६।१२।०२

प.सं ०७६।०७७

च.नं १२०D

श्री सरोज पराजुली,
लेखा अधिकृत।

विषयः जिम्मेवारी सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७६।११।२९ को निर्णयानुसार तपाइलाई तपसिलको शाखाको शाखा प्रमुख तथा विपद व्यवस्थापन सम्बन्धी गाउँपालिकाको सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने गरी जिम्मा दिईएको छ । गाउँपालिकाको कार्यविभाजन नियमावलीको नियम ४ को उपनियम १ (यसै पत्रसाथ संलग्न रहेको), प्रचलित कानून, गाउँ कार्यपालिका, विषयगत समिति र प्रमुख प्रशासकीय अधिकृतबाट प्रदत्त थप जिम्मेवारीका साथै आफ्नो पदीय जिम्मेवारी बहन गर्नुहुन अनुरोध गर्दछु ।

तपसिलः

| जिम्मेवारी दिईएको शाखा | शाखा अन्तरगत रहने उपशाखा | जिम्मेवार कर्मचारीहरु | कैफियत |
|---|---|---|---|
| राजश्व तथा आर्थिक प्रशासन शाखा | क। राजश्व नीति तथा प्रशासन | क। शालिक रिजाल | |
| | ख। आर्थिक प्रशासन शाखा | ख सरोज पराजुली, युवराज सुवेदी र शालिक रिजाल | |

राजश्व तथा आर्थिक प्रशासन शाखाको जिम्मेवारी पाउँनु भएकोमा हार्दिक बधाई तथा शूभकामना

२०७६।१२।०२

.................................
प्रमुख प्रशासकीय अधिकृत

जितबहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

## २. राजश्व तथा आर्थिक प्रशासन शाखा

(क) राजश्व नीति तथा प्रशासन

- राजश्व सम्बन्धी नीति, कानून तर्जूमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन)
- मालपोत संकलन
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, ऱ्याफ्टिङ्ग शुल्क
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन
- पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना
- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना
- बाँकी बक्यौता रकमको लगत र असुल उपर
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन
- राजश्व परामर्श समिति सम्बन्धी विषय
- स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,
- राजश्वको सम्भाव्यता अध्ययन
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान